



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक १० गते मंगलबार ❑ 27 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## निजी क्षेत्र बलियो नभई राज्य बलियो हुँदैन: सभामुख अर्याल

पोखरापत्र संवाददाता
पोखरा, ९ कार्तिक

प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले निजी क्षेत्र बलियो नभई राज्य बलियो नहुने बताउनुभएको छ।

पोखराका अगुवा पर्यटन व्यवसायीसँग सोमबार भएको भेटमा उहाँले मुलुकको समृद्धिका लागि निजी क्षेत्रलाई सबल र सक्षम बनाउनुपर्ने धारणा राख्नुभयो । "विप्रेषण यति आयो भनेर बसेर मात्र हुँदैन, हामीले हाम्रै निजी क्षेत्रको विकासमा जोड दिनुपर्छ", उहाँले भन्नुभयो, "निजी क्षेत्रसँग मिलेर काम गर्न अहिलेको सरकारसँग हुटहुटी छ।" मुलुकको आर्थिक विकाससँगै रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको भन्दै यसमा राज्यले विशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । पर्यटनमा नेपालले अथाह सम्भावना बोकेको उल्लेख गर्दै सभामुख अर्यालले विश्व पर्यटन बजारमा नेपालको उपस्थितिलाई बलियो बनाउनुपर्ने बताउनुभयो।



पर्यटन विधेयक अगाडि बढेको जनाउँदै उहाँले कानुन निर्माण प्रकृयामा पर्यटन व्यवसायीलगायत सरोकार भएका पक्षको चासो र सरोकारलाई समेटिने बताउनुभयो।

"कुनै पनि कानुन निर्माण हुँदा पर्यटनसँग सम्बन्धित विषयमा यहाँहरूले पनि चासो लिनुहोस्, आवश्यकताका आधारमा कानुनलाई परिमार्जन र संशोधन गर्न सकिन्छ", सभामुख अर्यालले भन्नुभयो, "सरोकार भएका पक्षलाई जानकारी नदिई र छलफल नगरी कुनैपनि कानुन बन्नुहुँदैन ।" सरकारले पोखरा, चितवन, बर्दियालगायत ठाउँको पर्यटन विकासलाई विशेष महत्वका साथ लिएको उहाँले बताउनुभयो। सो अवसरमा पोखरा पर्यटन परिषद्का तर्फबाट दिगो पर्यटन विकाससँग सम्बन्धित १० बुँदे माग समेटिएको ध्यानाकर्षणपत्र सभामुख अर्याललाई बुझाइएको थियो । परिषद्का अध्यक्ष हरि भुजेलले हस्तान्तरण गर्नुभएको ध्यानाकर्षणपत्रमा पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हालै सुरु भएको दुबई-पोखरा-दुबई उडानलाई दिगो र प्रभावकारी बनाउनुका साथै पोखराबाट राष्ट्रिय ध्वजावहाक नेपाल एयरलाइन्सलाई अन्तरराष्ट्रिय उडानका लागि पहल गरिदिन सभामुखसमक्ष अनुरोध गरिएको छ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रयोग गरी विदेश जानेहरूका लागि श्रम स्वीकृति, भिसा प्रक्रियालगायत सेवा पोखराबाटै प्रदान गर्नुपर्ने, पोखराको लेकसाइडमा रहेका विभिन्न होटल तथा व्यावसायिक भवनको सम्पन्नता तथा अभिलेखीकरणमा लाग्ने करको दरमा सहुलियत दिनुपर्ने, पोखराको लेकसाइडमा रहेको रत्नमन्दिरलाई सङ्ग्रहालयको रूपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकका लागि खुला गर्नुपर्ने, फेवातालको जलाधार क्षेत्र संरक्षणलगायतका माग सम्बोधनका लागि पहल र सहजीकरण गरिदिन सभामुखसमक्ष अनुरोध गरिएको छ । ध्यानाकर्षणपत्र ग्रहणपछि सभामुख अर्यालले पर्यटन व्यवसायीहरूले उठाएका जायज मागको सम्बोधनका लागि सम्बन्धित मन्त्रालयका मन्त्रीसँग छलफल गरी समस्या समाधानका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।

## बाराहीघाटमा दसैँको मैझारो

पोखरापत्र संवाददाता
पोखरा, ९ कार्तिक

उसै त शरद यामको घमाइलो दिन। त्यहीँमाथि दसैँको उल्लास। कोही लिङ्गे पिङमा मच्चिरहेका थिए त कोही चर्खे पिङमा । दसैँको अन्तिम दिन आइतबार कोजाग्रत पूर्णिमामा पोखरा, फेवा किनारस्थित बाराहीघाटको दृश्य बेग्लै थियो।

रातो टीका र जमरामा सजिएका विदेशी पर्यटक नेपाली संस्कृति र खानपानमा रमाइरहेका देखिन्थे । मालश्री धुन र मौलिक बाजाको तालले पर्वमय माहोलको छनक दिन्थ्यो । महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) द्वारा आयोजित 'दसैँ पर्यटन तथा सांस्कृतिक महोत्सव' ले बाराहीघाट आइतबार दिनभर जसो उत्सविलो बन्यो । नेपाली संस्कृति र पर्यटनलाई जोड्ने गरी मञ्चले पहिलोपटक आयोजना गरेको उक्त महोत्सवसँगै दसैँको मैझारो भयो । 'टीका, जमरा र चङ्गा चेट, पोखरामा पर्यटकसँग दसैँ भेट' भन्ने आदर्श वाक्यसहित आयोजना गरिएको महोत्सवमा विदेशी पर्यटकले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलगायतको हातबाट टीका र जमारा लगाएका थिए । पोखरा घुम्न आएका पर्यटकले नेपाली पर्व दसैँको अनुभव बटुले । नेपाली परिकारको स्वाद लिए। एकापसमा रमाए। नेपाली संस्कृतिबारे सुने/पढेका विदेशी



पर्यटक मौलिक सांस्कृतिक पर्वमा प्रत्यक्ष सामेल हुन पाएकामा खुसी थिए । महिला समूहले बनाएका सेल रोटीलगायत परिकार चाख मानेर खाइरहेका थिए।

महोत्सवमा विभिन्न महिला समूहद्वारा उत्पादित कृषि उपज र खानाका परिकार बिक्रीका लागि राखियो । दसैँको सांस्कृतिक र पारिवारिक माहोललाई पर्यटनसँग जोड्ने उद्देश्यले महोत्सव आयोजना गरिएको महोत्सवका संयोजक उमा भण्डारीले बताउनुभयो। दसैँलाई पारिवारिक पर्वमा मात्र सीमित नराखी विदेशी पर्यटकलाईसमेत नेपाली संस्कृति, परम्परा, खानपान र जीवनशैलीसँग प्रत्यक्ष जोड्ने अवसरका रूपमा यो महोत्सव लिनुपर्ने उहाँको भनाइ छ।

म हा े त स व म ा विदेशी पर्यटकलाई नेपाली संस्कृति, परम्परा र खानपान चिनाउनुका साथै विभिन्न जातजाति र समुदायका मौलिक सांस्कृतिक प्रस्तुति देखाइएको थियो । महोत्सवमा विभिन्न पर्यटनसम्बद्ध सङ्घसंस्था, आमा समूह, स्थानीय समुदाय, सांस्कृतिक समूहलगायतको सहभागिता रहेको थियो। महोत्सवमा कबड्डी खेल समेत आयोजना गरियो । महोत्सवस्थलमा नेपाली मौलिक खानाका परिकार, कला-संस्कृति, परम्परागत सामग्री, स्थानीय उत्पादन तथा पर्यटन सम्बद्ध व्यावसायिक गतिविधिलाई समेटिएको थियो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नेपालको मौलिक संस्कृति पनि पर्यटनको महत्वपूर्ण हिस्सा भएको बताउनुभयो । कोजाग्रत पूर्णिमामा विदेशी पर्यटकसँग दसैँ मनाउने चलन बसाल्न महोत्सवलाई निरन्तरता दिनुपर्ने


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कांग्रेसले गुमेको विश्वास फर्काउन घरदैलोमा जानुपर्छ : सभापति थापा

पोखरापत्र संवाददाता
वालिङ, ९ कार्तिक

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीले गुमाएको विश्वास पुनःस्थापित गर्न नेता तथा कार्यकर्ता जनताको घरदैलोमा पुग्नुपर्ने बताउनुभएको छ।

स्याङ्जाको पुतलीबजारमा सोमबार आयोजित स्वागत तथा भेटघाट कार्यक्रममा उहाँले मतभन्दा पनि कांग्रेसले विश्वास गुमाएको बताउनुभयो । "कांग्रेसले गुमाएको मत होइन, विश्वास हो," उहाँले भन्नुभयो, "विश्वास पुनःस्थापित भयो भने मत त्यसलाई पछ्याउँदै




आफैँ आउँछ ।" सभापति थापाले पार्टीबाट टाढिएका मतदातासँग भेटेर उनीहरूका गुनासा सुन्न र बदलिएको कांग्रेसबारे बुझाउनुपर्नेमा जोड दिनुभयो । विगतमा पार्टीप्रति असन्तुष्टिका कारण टाढिएका मतदाताको विश्वास जित्न वडा तहदेखि केन्द्रसम्मका नेता तथा कार्यकर्ता एकजुट भएर लाग्नुपर्ने उहाँको भनाइ थियो । १५औँ महाधिवेशनपछि पार्टीभित्र परिवर्तन आएको उल्लेख गर्दै उहाँले त्यसबारे जनताको घरदैलोसम्म जानकारी पुर्याउन आगामी मङ्सिरमा तल्लो तहसम्म जागरण अभियान सञ्चालन गर्ने तयारी भइरहेको बताउनुभयो । सभापति थापाले महाधिवेशनलाई पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धाका रूपमा लिनुपर्ने बताउँदै जिम्मेवारी पाउने वा नपाउने विषयलाई हारजितका रूपमा बुझ्न नहुने उल्लेख गर्नुभयो। पार्टीभित्र सबैको समान हैसियत रहेकाले एकताबद्ध भएर अघि बढ्नुपर्ने उहाँको भनाइ थियो।

## स्थानीय फूललाई प्राथमिकता दिनुपर्छ : महामन्त्री पौडेल

पोखरापत्र संवाददाता
दमौली, ९ कार्तिक

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले तिहारमा स्वदेशमै उत्पादन भएका फूललाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ।

उहाँले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न सके किसानको आम्दानी बढ्नुका साथै स्वदेशी उत्पादनको प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो । तनहुँको म्याग्दे गाउँपालिका-४ छिम्लीस्वारामा महिलाले सामूहिक रूपमा गरेको सयपत्रीफूलखेतीकोआजअवलोकन गर्दै महामन्त्री पौडेलले तिहारमा बाहिरबाट फूल आयात गर्नुभन्दा स्थानीयस्तरमा उत्पादन भएका फूलको प्रयोगमा जोड दिनुपर्ने बताउनुभयो । स्थानीय किसानले




उत्पादन गरेका फूलको बिक्री वितरण सहज बनाउन स्थानीय तहले बजारीकरणको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ थियो।

च ा ड प व ि क ा बेला फूलको माग बढ्ने भएकाले स्थानीयस्तरमा उत्पादन भएका फूललाई बजारसम्म पुर्याउने व्यवस्था आवश्यक रहेको पौडेलले बताउनुभयो। किसानले उत्पादन गरेको फूल बिक्री नभएमा व्यावसायिक खेतीप्रति निरुत्साहित हुनुपर्ने अवस्था आउने भन्दै स्थानीय उत्पादनको प्रवर्द्धनमा सबै पक्षले ध्यान दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो।

म्याग्दे-४ छिम्लीस्वारामा चण्डेश्वरी फलफूल तथा कृषक समूहमा आबद्ध महिलाले सामूहिक रूपमा सयपत्री फूलखेती गर्दै आएका छन् । समूहका २३ जना महिला आबद्ध भएर गत वर्षदेखि फूलखेती सुरु गरेका हुन् । सामूहिक प्रयासबाट स्थानीयस्तरमै फूल उत्पादन गर्दै आएका महिलाले यसलाई आम्दानीको स्रोत बनाउने लक्ष्य लिएका छन् । समूहकी अध्यक्ष जितमाया रानाले खेतीलाई व्यवस्थित रूपमा अघि बढाउन आवश्यक पूर्वाधार र सिँचाइको व्यवस्था गर्नुपर्ने विषयमा महामन्त्री पौडेलको ध्यानाकर्षण गराउनुभयो । उहाँले फूलखेती गरिएको स्थानसम्म पुग्ने बाटो स्तरोन्नति गर्नुपर्ने र फलफूल खेतीका लागि पानीको अभाव समाधान गर्नुपर्ने माग राख्नुभयो।




# पोखरामा हट एयर बेलुनको सिजन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ कार्तिक

पोखरामा साहसिक पर्यटनको आकर्षणका रूपमा स्थापित हट एयर बेलुनको नयाँ सिजन सुरु भएको छ।

वर्षायामका कारण रोकिएको व्यावसायिक उडान पुनः सञ्चालनमा आएसँगै पर्यटकको आकर्षण बढ्न थालेको हो । अहिले पोखरामा दैनिक बिहान र बेलुका गरी चारवटा उडान सञ्चालन हुँदै आएको वेलुन नेपालले जनाएको छ।

बेलुन नेपालका अध्यक्ष विक्रम बाडेका अनुसार यस वर्षको सेप्टेम्बरसम्म करिब ६ सय आन्तरिक तथा बाह्य पर्यटकले हट एयर बेलुनमा उडान गरेका छन् । गत वर्ष सेप्टेम्बरदेखि मेसम्मको पर्यटन सिजनमा मात्रै करिब चार हजार २५० पर्यटकले बेलुन उडानको अनुभव लिएको कम्पनीले जनाएको छ।

पोखरामा साहसिक पर्यटनको नयाँ आकर्षणका रूपमा रहेको हट एयर बेलुनमा उडान गर्ने पर्यटकको संख्या पछिल्ला वर्षमा बढ्दै गएको अध्यक्ष बाडेले बताउनु भयो । विशेषगरी पोखरा घुम्न आउने



विदेशी पर्यटकसँगै आन्तरिक पर्यटकले पनि आकाशबाट पोखराको दृश्यावलोकन गर्ने नयाँ अनुभवका रूपमा बेलुन उडानलाई रोज्न थालेका छन्।

नेपालको पोखरामा व्यावसायिक रूपमा सञ्चालन हुँदै आएको हट एयर बेलुन उडानले यहाँको पर्यटनलाई थप विविधता दिएको छ । ताल, हिमाल र हरियाली डाँडाकाँडाको दृश्य एकैसाथ आकाशबाट अवलोकन गर्न सकिने भएकाले यो गतिविधि पर्यटकका लागि आकर्षणको केन्द्र बन्दै गएको व्यवसायीको भनाइ छ।

बेलुन नेपालका अनुसार बिहान ६ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेदेखि ६ बजेसम्म उडान सञ्चालन गरिन्छ । पोखराको रौरुक तथा महानगरपालिका-१८ खपौदीस्थित पामे क्षेत्रको आकासमा उडान करिब ३० देखि ४० मिनेटको हुन्छ। मौसम अनुकूल हुँदा बेलुनमा सवार पर्यटकले करिब नौ हजार फिटसम्मको उचाइबाट माछापुच्छ्रे र अन्नपूर्ण हिमशृङ्खला, फेवाताल, पुम्दीकोटस्थित विशाल महादेवको मूर्ति, विश्वशान्ति स्तूप र पोखरा उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सक्छन्।

उडानका लागि नेपाली नागरिकलाई ११ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ । त्यस्तै, सार्क राष्ट्र तथा चिनियाँ पर्यटकका लागि १२० अमेरिकी डलर र अन्य विदेशी पर्यटकका लागि १५० अमेरिकी डलर शुल्क तोकिएको कम्पनीले जनाएको छ। उक्त शुल्कमा लेकसाइडबाट पर्यटकलाई उडानस्थलसम्म लैजाने र उडानपछि फर्काउने पिकअप तथा ड्रप सेवा पनि समावेश छ।

पोखराको आकाशमा टर्की र भारतका पाइलटले बेलुन उडान सञ्चालन गर्दै आएका छन्। सूर्योदय र सूर्यास्तको समयमा हुने उडानबाट पर्यटकले फेवाताल, वरपरका गाउँबस्ती, हरियाली डाँडाकाँडा र हिमशृङ्खलाको दृश्य अवलोकन गर्न पाउँछन्। मौसम र दृश्यताको अवस्थाले उडानको अनुभव निर्धारण गर्ने भएकाले यसको आकर्षण प्राकृतिक वातावरणसँग पनि जोडिएको छ । पोखराको पर्यटनलाई पदयात्रा, पर्वतारोहण र ताल अवलोकनमा मात्र सीमित नराखी नयाँ साहसिक गतिविधिसँग जोड्ने प्रयासका रूपमा हट एयर बेलुन उडानलाई लिइएको छ । यसको व्यावसायिक सञ्चालनले पर्यटकलाई थप अनुभव प्रदान गर्नुका साथै पोखरामा पर्यटकको बसाइ अवधि बढाउन र पर्यटन व्यवसायलाई विविधीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# मेची-महाकाली रथयात्रा आरम्भ

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ कार्तिक

मुक्तिनाथबाट मेची-महाकाली रथ यात्रा आरम्भ भएको छ । चैत रामनवमीदेखि दसैँको कोजाग्रत पूर्णिमाको दिनसम्म महायज्ञ सम्पन्न भई आइतबार मुक्तिनाथबाट मेची-महाकाली गजेन्द्रमोक्ष नारायण मुक्तिनाथ रथयात्रा २०८३ आरम्भ गरिएको हो।

मुक्तिनाथ मन्दिरका पीठाधीश्वर स्वामी कमलनयनाचार्य (मुक्तिनाथ बाबा) को सत्सङ्कल्पअनुसार अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेवल ट्रप्स एवं नेपाल तीर्थस्थल विकास समितिको संयुक्त आयोजनामा मुस्ताङको मुक्तिनाथ क्षेत्रमा रथयात्रा प्रारम्भ गरिएको हो।

सबैको आस्था जागोस, जो मुक्तिनाथमा आएका छैनन् उनीहरुको पनि सहभागिता रहोस्, यज्ञमा सहभागी हुन नसकेकाको घरघरमा भगवान मुक्तिनाथको दर्शन गर्ने अवसर प्राप्त होस भन्ने उद्देश्यका साथ मेची-महाकाली मुक्तिनाथ रथयात्रा गरिएको हो।

बाबाका उत्तराधिकारी स्वामी कृष्ण प्रपन्नाचार्यका अनुसार वैदिक सनातन धर्मको संरक्षण, आध्यामिक चेतनाको विकास र राष्ट्रिय धार्मिक एवं सांस्कृतिक एकताका सन्देश प्रवाह गर्ने उद्देश्यले मेची-महाकाली रथयात्रा सुरु गरिएको बताउनुभयो।

रथयात्राले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मुख्य



धार्मिकस्थल, मठमन्दिर र आश्रम तथा तीर्थस्थलसहित आमनेपालीलाई एकताको सूत्रमा जोड्न प्रेरणा मिल्ने स्वामी प्रपन्नचार्यले बताउनुभयो। मुक्तिनाथ धामबाट शुभारम्भ भएको मेची-महाकाली गजेन्द्रमोक्ष नारायण धार्मिक रथयात्रा कात्तिक महिनाभरि चल्ने जनाइएको छ। रथयात्राको पहिलो दिन मुक्तिनाथबाट प्रस्थान गरेको रथयात्रा टोली बाग्लुङको पञ्चकोटमा पुग्नेछ।

त्यहाँबाट पर्वत, कास्की ,तनहु, धादिङ हुँदै काठमाडौँ पुग्नेछ।पुनःकाठमाडौँबाटतराईका विभिन्न धार्मिकस्थल हुँदै त्रिवेणीधाममा पुगेर गजेन्द्रमोक्ष धाममा प्रवेश गराइ समापन हुने स्वामी प्रपन्नाचार्यले बताउनुभयो । मेची-महाकाली रथयात्रा समापनसँगै एक महिना लामो गजेन्द्रमोक्ष नारायण वैभव विराट महायज्ञ सञ्चालन हुनेछ । मुक्तिनाथ बाबाको सङ्कल्पमा आयोजित रथयात्राको माध्यमबाट मुक्तिनाथ, पवित्र कालीगण्डकी र समग्र मुक्तिनाथको महिमालाई उजागर गर्दै समग्र देशको धार्मिक पर्यटन प्रवर्द्धन तथा तीर्थस्थलको आपसी सम्वन्धलाई विस्तार गर्ने उद्देश्य छ। मुक्तिनाथक्षेत्रमा रामनवमीदेखि दसैँको कोजाग्रत पूर्णिमासम्म छ महिना लामो महायज्ञ चल्ने गरेको छ । मुक्तिनाथ रथयात्रा सात प्रदेशका ४० जिल्लामा पुग्नेछ। यसका लागि गाउँ र टोलीस्तरीय स्वागत समिति गठन गरिएको छ।

मुक्तिनाथबाट प्रारम्भ भएको रथयात्रा सकिएपछि गजेन्द्रमोक्षधाममा विराट महायज्ञ चलाइने छ । महायज्ञमा २५ फुट अग्लो मौलो राखेर धान्याञ्चल गरिने छ । धान्याञ्चलमा २५ फुट अग्लो मौलो भर्न २१ हजार कर्ताले एक क्वीन्टल धान अपर्ण गर्ने कार्यक्रम रहेको जनाइएको छ।

महायज्ञमा दैनिक सवा पाँच लाख बत्तीको आरती गरिनेछ । प्रत्येक १०८ कन्या र गाईको पुजन हुनेछ। यसरी सुरु हुने रथयात्रा तथा महायज्ञ फेरि रामनवमीदेखि गजेन्द्रमोक्ष धामबाट सुरु भई छ महिनासम्म मुक्तिनाथमा महायज्ञ सञ्चालन हुने स्वामी प्रपन्नचार्यले बताउनुभयो।

# दसैँपछि मुक्तिनाथमा दर्शनार्थी बढे

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ कार्तिक

हिन्दु तथा बौद्ध धर्मालम्बीहरुको धार्मिक साझा तीर्थस्थल मुक्तिनाथ मन्दिरमा दसैँपछि भक्तजनको संख्या बढेको छ । दसैं अगाडि प्रायः सुनसान जस्तै रहेको मुक्तिनाथ मन्दिरमा अहिले भने पर्यटकको चहलपहल बाक्लो भएको हो।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार बिहीबारदेखि शनिबारसम्म १२ हजार १३० जना भक्तजनले मुक्तिनाथको दर्शन गरेका छन् । प्रहरी निरीक्षक एवं सूचना अधिकारी ईश्वर महतका अनुसार दसैँको भोलिपल्ट तीन



हजार ३३, शुक्रबार चार हजार ८१३ र शनिबार चार हजार २८४ जनाले मुक्तिनाथ मन्दिरको दर्शन गरेका छन् । गत ११ असोजको भारी वर्षाका कारण बाढी पहिरो र नदी कटानले बेनी–जोमसोम सडक ध्वंस्त हुँदा दुई सातासम्म पूर्ण रुपमा सडक अवरुद्ध बनेको थियो। बर्सेनि सोह्र श्राद्धका बेला हजारौ तीर्थालुहरु मुस्ताङ आउने गरेका भएपनि यसपटक सडक असहजताका कारण पर्यटक उपस्थिती हुन सकेको थिएन।

मुक्तिनाथमा दर्शनार्थीको संख्या बढेसंगै बेनी–जोमसोम सडकमार्गका होटलहरु पर्यटकले भरिन थालेका छन् । यसैगरी मुस्ताङमा पर्यटक आगमन बढेसँगै यहाँका स्याउ, स्याउबाट बनेका ब्रान्डी र वायनलगायतका कृषि उपजका सामग्रीको किनमेल पनि बढेको छ । तनहुँबाट मुक्तिनाथ दर्शन गर्न आउनुभएका सुजन थापामगरले चाडपर्वको बिदालाई सदुपयोग गर्दै मुक्तिनाथको दर्शन गर्न आइपुगेको बताउनुभयो । ललितपूरका रत्नबहादुर महर्जन पनि आफूसहित सात जनाको टोली मुक्तिनाथको दर्शन र कोरलानाका घुम्न आएको बताउनुभयो।

# विपद् सङ्कटग्रस्त म्याग्दीका स्थानीय तहलाई अनुदान

**रासस**
म्याग्दी, ९ कार्तिक

नेपाल सरकारले विपद् सङ्कटग्रस्त म्याग्दीका छ वटा स्थानीय तहलाई पहिलो चरणमा रु दुई करोड ४० लाख अनुदान उपलब्ध गराएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले म्याग्दीका छ वटा स्थानीय तहलाई रु ४०/४० लाखका दरले अनुदान पठाएको हो । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहुनभएका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले विपद् ब्यवस्थापनको अत्यावश्यक काम गर्नका लागि सङ्घीय सरकारले प्राधिकरणमार्फत स्थानीय तहलाई अनुदान पठाएको जानकारी दिनुभयो।

सरकारले गत असोज २२ गते बेनी नगरपालिका, अन्नपूर्ण, रघुगङ्गा, मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो । "विपद् सङ्कटग्रस्त पालिकालाई आधारभूत काम गर्नका लागि सरकारले अनुदान पठाउन थालेको छ", प्रजिअ गैरेले भन्नुभयो, "पुनःनिर्माणका लागि स्थानीय तहले माग गरेका योजनाका लागि सरकारले कार्यविधिअनुसार बजेट उपलब्ध गराउनेछ।"

गत असोज ८ देखि ११ गतेसम्मको निरन्तर वर्षापछि आएको बाढीपहिरोले म्याग्दीमा सात जनाको मृत्यु, दुई जना बेपत्ता हुनुका साथै सडक, निजी आवास, सिँचाइ, नदी नियन्त्रण, खानेपानी, विद्युत्, जलविद्युत्, सञ्चार, पदमार्गलगायत भौतिक पूर्वाधारको क्षेत्रमा ठूलो क्षति पुगेको छ।

विपद्बाट घरवास गुमाएकाको लाभग्राही कायम गरी सरकारले उपलब्ध गराउने तीन महिने राहत प्याकेज वितरणको प्रक्रिया थालिएको प्रजिअ गैरेले बताउनुभयो । सरकारले तीन महिनासम्मका लागि अस्थायी बसोबासको व्यवस्थासहित रु १५ हजारका दरले राहत प्याकेज उपलब्ध गराउने उहाँले बताउनुभयो।

पहिरोको जोखिममा रहेका बस्तीको अध्ययनका लागि भूवर्गीविद्हरूको टोली यसै हप्ता म्याग्दीमा आउने पनि प्रशासनले जनाएको छ । जिल्लाभर १११ घर पूर्णरूपमा क्षति भई परिवार विस्थापित भएका छन्। ९३ घरमा आंशिक क्षति पुगेको छ भने तीन सय ४२ घर पहिरोको उच्च जोखिममा रहेका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताउनुभयो।

# बाराहीघाटमा ...

उहाँको भनाइ छ। उहाँले यस्ता मेला, महोत्सव पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने धारणा राख्नुभयो।

नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले महोत्सवले पोखराको पर्यटनलाई संस्कृतिसँग जोडेको बताउनुभयो।उहाँलेदसैँगन्तव्यका रुपमा पोखराको पर्यटन तथा सांस्कृतिक महोत्सवलाई स्थापित गर्नुपर्नेमा जोड दिनुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले दसैँ जस्ता ठूला चाडपर्वलाई पर्यटनसँग जोड्नुपर्ने बताउनुभयो।

पोखरा भ्रमण आउने विदेशी पर्यटकलाई यहाँको प्राकृतिक सोन्दर्य मात्र नभएर संस्कृतिको अनुभव पनि दिलाउनुपर्ने उहाँको भनाइ छ । दसैँको सांस्कृतिक पक्षलाई विदेशी पर्यटकमाझ चिनाउन र नेपाली चाडपर्वलाई पर्यटनसँग जोड्ने उद्देश्यले महोत्सव आयोजना गरिएको मञ्चका अध्यक्ष ममता न्यौपानेले बताउनुभयो । उहाँले आगामी वर्षमा पनि महोत्सवलाई निरन्तरता दिइने बताउनुभयो।

# भारी वर्षा हुने सम्भावना भएकाले सचेत रहनुस्

**रासस**
काठमाडौं, ९ कार्तिक

नेपाल मौसम विज्ञान विभागले बङ्गालको खाडीमा विकसित चक्रवात 'अर्णव'को प्रभावले आगामी विहिबारदेखि सुरू भई विषेशगरी शुक्रबार र शनिबार नेपालका विभिन्न स्थानमा वर्षाको गतिविधि बढ्नुका साथै हिमपात हुने सम्भावना रहेको रहेको जनाएको छ।

विभागले सोमबार बिषेश बुलेटिन जारी गर्दै केही स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ । विभागको अनुसार बङ्गालको खाडीमा रहेको उक्त चक्रवात क्रमशः शक्तिशाली बन्दै उत्तरपश्चिम दिशातर्फ अघि बढ्ने र भारतको आन्ध्र प्रदेश तथा विशाखापट्टनमको बीचमा पर्ने यानम नजिक तटीय क्षेत्रमा प्रवेश गर्ने सम्भावना रहेको छ। यसको प्रभावले नेपालमा मौसम बदली भई वर्षा र हिमपात हुनसक्ने विभागले जनाएको छ।

बुलेटिनअनुसार कात्तिक १२ गते बिहीबारदेखि मौसममा परिवर्तन सुरु हुने र विशेषगरी शुक्रबार तथा शनिबार कोशी, बागमती, मधेस, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा वर्षाको सम्भावना छ।

कात्तिक १३ गते शुक्रबारदेखि १४ गते शनिबारसम्म कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा मेघगर्जन, चट्याङ तथा हावाहुरीसहित मध्यम वर्षा हुने सम्भावना रहेको छ। केही स्थानमा भारी वर्षा हुनसक्न विभाग अन्तर्गत मौसम पूर्वानुमान माहाशाखाले जनाएको छ। लुम्बिनी प्रदेशका केही स्थानमा पनि मध्यमदेखि भारी वर्षा हुनसक्ने पूर्वानुमान गरिएको छ।

यसैगरी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ तथा हावाहुरीसहित मध्यम वर्षा र एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । देशका उच्च पहाडी तथा हिमाली भू-भागमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको जोखिम रहेको महाशाखाले जनाएको छ।

सम्भावित वर्षाका कारण धानबाली भित्र्याउनेकार्य प्रभावित हुनसक्ने भएकाले किसानलाई आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा भ्रमण गर्ने पर्यटकलाई मौसमको अवस्था बुझेर मात्र यात्रा गर्न तथा प्रतिकूल मौसमका बेला सुरक्षित स्थानमा रहन आग्रह गरिएको छ।

वर्षा र हिमपातका कारण चिसो बढ्नुका साथै बाढी, पहिरो, सडक अवरोध तथा हवाई यातायात प्रभावित हुनसक्ने भएकाले सर्वसाधारण र सम्बन्धित निकायलाई पूर्वतयारी गर्न महाशाखाले अनुरोध गरेको छ।

## चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

◆ आ–आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔ,
◆ चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
◆ धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
◆ चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै–झगडा र हिंसाबाट टाढा रहौं,
◆ सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौ,
◆ मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# दसैंमा सवारी दुर्घटनाले दिएको पीडा

चाडपर्वमा परिवारजन मिलेर रमाइलो गर्ने बेला सवारी दुर्घटनाले करिब तीन हजारजना घाइते भएका छन । ठूलो संख्यामा सवार ।साधन दुर्घटनाले दसैंलाई खल्लो बनाएको छ । प्राकृति विपत्तिले पीडा भोगेका नेपालीले चाडपर्वमा भएका सवारी दुर्घटनामा मृत्यु हुने पनि सवा सय जना छन । दसैंमा मान्यजनसंग आशिर्वाद लिने, टिको लगाई दिने र आपसी सम्बन्ध बलियो बनाउनुपर्ने बेला दुर्घटनामा परेर ज्यान गुमाउने र घाइते भएर बाँच्नुपर्नेप्रति राज्य संवेदनशील हुन सकेको छैन । दसैंको अवधिमा देशभर भएका सवारी दुर्घटनामा परी १२४ जनाको मृत्यु भएको तथ्याङ्कले सबैलाई भस्काएको छ ।

प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार देशभर भएको सवारी दुर्घटनामा १२४ जनाको मृत्यु भएको छ भने दुई हजार ९८८ जना घाइते भएका छन् । केन्द्रीय प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले गत असोज २५ देखि कात्तिक ८ गतेसम्म भएका एक हजार ३३९ सवारी दुर्घटनामा ८३ पुरुष, ३९ महिला, सात बालक र पाँच बालिकाको मृत्यु भएको जानकारी दिए । दुई हजार ९८८ जना घाइते भएका छन् । घाइतेमध्ये ४३७ जना गम्भीर र दुई हजार ५५१ जना सामान्य घाइते भएका छन् । उक्त अवधिमा सबैभन्दा बढी दुर्घटना कोशी प्रदेशमा ३९७ वटा भएका छन् भने सबैभन्दा कम मधेश प्रदेशमा ८० वटा दुर्घटना भएका छन् । काठमाडौं उपत्यकामा १७१, बागमतीमा ११२, गण्डकीमा ९७, लुम्बिनीमा १६१, कर्णालीमा १७१ र सुदूरपश्चिम प्रदेशमा १५० वटा दुर्घटना भएका छन् । दुर्घटनामा सबैभन्दा बढी मोटरसाइकल सङ्लग्न रहेको प्रहरीले जनाएको छ । पहाडी क्षेत्रमा सडकको अवस्था राम्रो नहुने र, सवारीसाधनको चेकजाँच नहुँदा पनि दुर्घटना बढ्दो छासवारी नियमको पालना र सरकारी निकायको नियमनको पाटो कमजोर हुँदा सवारी दुर्घटनाका समाचारले सरकारलाई गिज्याएको हुनुपर्छ ।

दुर्घटनामा एक हजार ५५२ मोटरसाइकल, ३३७ जिप तथा कार, २०७ टेम्पो, ७१ ट्रक तथा ट्याङ्कर ७१, ६४ माइक्रोबस, ५४ बस ५४, ३८ ट्याक्टर, १५ टिपर, १० डोजर, स्काभेटर तथा लोडर र १३३ अन्य सवारीसाधन रहेका छन् । दसैंको अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने पाँच हजार ७०३ वटा सवारीसाधन चालकलाई कारबाही गरिएको प्रहरीले जनाएको छ । कारबाहीमा पर्नेमा मादकपदार्थ सेवन गरी सवारी चलाउने दुई हजार ७९४, क्षमताभन्दा बढी यात्रु बोक्ने एक हजार ८८२ र तीव्र गतिमा सवारी चलाउने ७४६ वटा रहेका छन् । यान्त्रिक परीक्षणसम्बन्धी मापदण्ड उल्लङ्घन गर्ने ८८, सवारीको छतमा यात्रु राख्ने ७३, बढी भाडा असुल्ने ५८, लागूपदार्थ सेवन गरी सवारी चलाउने ५३ रहेका छन् । केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेका अनुसार चाडपर्वको समयमा लामो दूरीका सार्वजनिक सवारीसाधनमा यात्रुको चाप बढ्ने भएकाले यात्रुको सुरक्षा र सहजताका लागि विशेष व्यवस्था गरिएको थियो । प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजनाअन्तर्गत देशभर ४०८ यात्रु सहायता कक्ष स्थापना गरेको थियो ।

अन्तर्राष्ट्रिय सीमा नाकाका १०८ स्थानमा हेल्प डेस्क स्थापना गरी यात्रुलाई आवश्यक सूचना तथा सहायता प्रदान गरिएको प्रहरीले जनाएको छ । तर यी सबै कर्मकाण्डी भएका छन् । सवारी दुर्घटना न्यूनीकरणका लागि प्रहरीले ट्राफिक व्यवस्थापनसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै विभिन्न प्रविधिको प्रयोगबाट सवारी आवागमनलाई व्यवस्थित बनाउने प्रयास गरेको थियो । तर चाडपर्वको मुखमा पर्याप्त थिएन ।समुदायलाई परिचालन गरेर मात्र केही सुधार ल्याउन सकिन्छासबैलाई हतारो छ । कमाउने मौका यही हो भनेर चल्ने परिपाटी रहेसम्म दुर्घटना भईरहन्छ । अब दसैँपछि नजिकिँदै गरेका दीपावली, नेपाल संवत् तथा छठपर्वलाई लक्षित गरी प्रहरीले सवारी दुर्घटना न्यूनीकरण र सुरक्षित यात्राका लागि विशेष योजना कार्यान्वयनका लागि सरोकारवाला सबैको प्रतिबद्धता आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाव |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : व्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिपन, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कालीगण्डकी बाढीले दोबा जोड्ने सडक पुल जोखिममा

पोखरापत्र संवाददाता
म्याग्दी, ९ कार्तिक

दोबावासी जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ र १ को सिमानामा पर्ने दोबावासी आवतजावत गर्ने भीरकाटेपुल कालीगण्डकी नदीले क्षति पुर्याएपछि स्थानीयवासी कष्टपूर्ण यात्रा गर्न विवस भएका हुन् ।

बेनी-जोमसोम-कोरला सडकको भीरकाटे हुँदै दोबा गाउँलाई यातायात सञ्चालमा जोड्न निर्माण भएको पुल जोखिममा परेको छ । पुलको भीरकाटेतर्फको पहुँचमार्ग नदी कटानले भत्काएपछि सवार ।साधन आवतजावतमा जोखिम बढेको अन्नपूर्ण गाउँपालिकाकी उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले बताउनुभयो ।

करिब दुई दशकअघि बेनी-जोमसोम सडकको मार्ग खोल्ने क्रममा दोबावासीले कालीगण्डकी नदीमा पुल निर्माण गर्न माग गरेपछि पुल निर्माण गरिएको थियो । सडक विभाग अन्तर्गतको बेलिब्रिज भएकाले यसको मर्मतसम्भार स्थानीय तहभन्दा सडक विभागले नै गर्नुपर्ने उपाध्यक्ष पुनले बताउनुभयो । पुलमा भएको क्षतिबारे गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराएको बताउनुभयो । हाल बेलिब्रिज एकतर्फी सञ्चालन भइरहेको छ । नदी कटान नरोकिए जुनसुकै बेला पहुँचमार्ग पूर्णरूपमा भत्किन सक्ने जोखिम रहेको स्थानीयवासी अमृत पुनले बताउनुभयो । दोबा जोड्ने एकमात्र बेलिब्रिज भएकाले सम्बन्धित निकायले तत्काल मर्मतसम्भार गर्नुपर्ने उहाँको भनाइ छ । दोबामा करिब ३०० घर परिवारको बसोबास छ ।

# चितवनलाई देशकै नमूना जिल्ला बनाइने : मन्त्री रावल

रासस
चितवन, ९ कार्तिक

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले चितवनलाई देशकै नमूना जिल्ला बनाइने बताउनुभएको छ ।

उहाँले भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गरी चितवनलाई देशकै नमूना जिल्ला बनाइने बताउनुभएको हो ।

सोमबार जिल्ला प्रशासन कार्यालय, चितवनमा भूमिसम्बन्धी समस्या तथा सुकुमवासी व्यवस्थापनका क्षेत्रमा भइरहेका कामको प्रगति विवरण र समस्याबारे आयोजित छलफल कार्यक्रममा मन्त्री रावलले भन्नुभयो, "सबै ठाउँमा समस्या समाधान गर्न हामी तत्पर छौँ । म सबै जिल्लामा पनि जान्छु, तर चितवन विशेष हो । चितवन जिल्लामा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या समाधान अरू जिल्लाका लागि नमूना हुनुपर्छ भन्ने मेरो भनाइ हो ।" उहाँले कामको सुरुवात भइसकेको बताउँदै अब दोस्रो फेज अर्थात् तीव्र गति (स्पीड अप) दिने चरणमा लैजाने बताउनुभयो । उहाँले थप्नुभयो, "चितवनमा इच्छाकामना गाउँपालिकालगायत अन्य क्षेत्रको तयारी देख्दा खुसी लागेको छ, तर यतिले मात्र पर्याप्त हुँदैन ।"

मन्त्री रावलले कानुनी जटिलता अध्यादेशमार्फत सम्बोधन भइसकेको उल्लेख गर्दै प्रशासनिक तथा प्राविधिक काममा ढिलाइ नगर्न निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "हाम्रो प्राथमिकता भनेको भूमिहीन दलित र सुकुमवासी नै हुन् । यसलाई व्यवस्थित गर्दै लैजान राजनीतिक र प्रशासनिक रूपमा के-कस्ता गाँठाहरू फुकाउनुपर्छ, त्यसका लागि म आफैं स्थानीय तहमै पुगेर सहजीकरण गर्न तयार छु ।"

"काम रोकिनु भएन, सङ्घको तर्फबाट आवश्यक समन्वय र सहयोगका लागि हामी तयार छौँ । चितवनका प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका प्रतिनिधि यस विषयमा सक्रिय हुनुहुन्छ । त्यसैले चितवनलाई छिटोभन्दा छिटो सुकुमवासीमुक्त घोषणा गर्ने गरी काम अघि बढाऔँ", उहाँले भन्नुभयो ।

कार्यक्रममा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति एवं चितवन क्षेत्र नं. १ का सांसद हरि ढकाल, सांसद प्रभा ढकाल र समिना मियाँलगायतको सहभागिता थियो । सो अवसरमा भूमि समस्या समाधान आयोगका अधिकारी, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा अन्य सरोकारवालाले सुकुमवासी समस्या समाधानका क्रममा भोगुपरेका व्यावहारिक, प्राविधिक तथा राजनीतिक कठिनाइबारे मन्त्री रावललाई जानकारी गराएका थिए ।



माछापुच्छ्रे हिमाल : पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरको परिसरबाट देखिएको माछापुच्छ्रे हिमाल । तस्बिरः धनबहादुर गुरुङ/रासस

# गुल्मीमा स्कार्पियो दुर्घटना हुँदा छ जनाको मृत्यु, तीन घाइते

रासस
गुल्मी, ९ कार्तिक

गुल्मीको कालीगण्डकी गाउँपालिका-२ अर्जेनीको दबौखानीमा स्कार्पियो दुर्घटना हुँदा छ जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

दुर्घटनामा परी मृत्यु हुनेमा चालक स्याङ्जा वालिङ नगरपालिका-२ का ६७ वर्षीय दिलीपकुमार बगाले, वालिङ नगरपालिका-१० का ६० वर्षीय शिव पराजुली, गुल्मीको कालीगण्डकी गाउँपालिका-१ सिरकोटका ५० वर्षीय लोकनाथ पाण्डे, सोही स्थानकी सीता पाण्डे र कुलानन्द पाण्डे तथा वालिङ नगरपालिका-२ की नीता बगाले रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिनुभयो । मृत्यु हुनेमा पाँच जनाको घटनास्थल र एक जनाको उपचारको क्रममा मृत्यु भएको हो । मृत्यु भएकामध्ये सीता पाण्डे, कुलानन्द पाण्डे र नीता बगालेको उमेर खुल्न नसकेको प्रहरीले जनाएको छ । नीता बगालेको उपचारका क्रममा स्याङ्जाको मिर्मीस्थित कालीगण्डकी सामुदायिक अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परी घाइते हुनेमा कालीगण्डकी गाउँपालिका-१ सिरकोटका छविलाल पाण्डे, सोही स्थानकी गोमता पाण्डे र स्याङ्जाको वालिङ नगरपालिका-१० का बालकृष्ण सुवेदी रहेको प्रहरीले जनाएको छ । घाइतेमध्ये छविलालको अवस्था गम्भीर रहेको छ भने गोमता र बालकृष्णको अवस्था मध्यम रहेको जनाइएको छ । उहाँहरूमध्ये दुई जनाको मिर्मीस्थित कालीगण्डकी सामुदायिक अस्पताल र एक जनाको पाल्पास्थित मिसन अस्पतालमा उपचार भइरहेको बताइएको छ । स्याङ्जाको वालिङबाट गुल्मीको कालीगण्डकी गाउँपालिका-१ सिरकोट हुँदै राक्सेतर्फ जाने क्रममा बा ०२२० नम्बरको स्कार्पियो सोमबार अपराह्न ४ बजेको समयमा दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार कालीगण्डकी गाउँपालिका-२ दबौखानीस्थित भित्री सडकमा दुर्घटना भएको उक्त स्कार्पियो सडकबाट करिब २५० मिटर तल खसेको बताइएको छ । घटनाको जानकारी पाएपछि स्थानीयवासी एवं प्रहरी चौकी पुर्तिघाट, इलाका प्रहरी कार्यालय रिडी र जिल्ला प्रहरी कार्यालय गुल्मीबाट खटिएको प्रहरी टोलीको सहयोगमा उद्धार गरिएको थियो । दुर्घटनाको कारणबारेमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । दुर्घटनास्थल प्रहरी चौकी पुर्तिघाटबाट करिब छ किलोमिटर दक्षिणमा पर्दछ ।

# थकान मेटिने म्याग्दीको भुरुङ्-तातोपानी

रासस
म्याग्दी, ९ कार्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ मा रहेको भुरुङ्-तातोपानी कुण्ड आन्तरिक एवं वाह्य पर्यटकका रोजाइमा पर्न थालेको छ । चीन र भारत जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडकको छेउमा रहेको यो कुण्ड पर्यटकका लागि विश्रामस्थल बनेको छ ।

अन्नपूर्ण चक्रीय पदमार्ग, बेनी-जोमसोम सडक हुँदै मुस्ताङ जाने-आउने र अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गमा यात्रा गर्ने पर्यटकका लागि भुरुङ्-तातोपानी आकर्षक गन्तव्य बनेको हो । यहाँको प्राकृतिक तातोपानीमा स्नान गरेपछि यात्राको थकान मेटिने अनुभव पर्यटकले सुनाउने गरेका छन् ।

काठमाडौँका विमलेश शाक्यले तातोपानीमा स्नान गरेपछि यात्राको थकान कम भएको अनुभव सुनाउनुभयो । "यात्राको थकान र मुस्ताङको चिसो तातोपानीमा नुहाएपछि मेटियो," उहाँले भन्नुभयो, "थकित शरीरमा तातोपानीमा स्नान गरेपछि स्फूर्ति आयो ।" तातोपानीमा स्नान गर्नेले शरीरको थकान कम भएको र दुखाइबाट राहत मिलेको अनुभव सुनाउँछन् । चिसो ठाउँबाट आएका पर्यटकले तातोपानीमा स्नान गरेपछि न्यानो महसुस गर्छन् । कालीगण्डकी नदीको किनारमा प्राकृतिक रूपमा निस्कने ५५ डिग्री सेल्सियस तापक्रमको तातोपानी सङ्कलन गरेर पोखरी र धारामा वितरण गरिएको छ । पर्यटकीय याम सुरु भएसँगै यहाँ स्नान गर्न आउने स्वदेशी तथा



विदेशी पर्यटकको चाप बढेको छ । कुण्डका कर्मचारी प्रितम पुर्जाका अनुसार केही दिनयता पर्यटकको चहलपहल बढेसँगै स्नान गर्न आउनेको सङ्ख्या पनि बढेको छ । "हिजोआज दैनिक दुईदेखि ३०० जनाले स्नान गर्छन्," उहाँले भन्नुभयो, "पर्यटक आगमन दैनिक रूपमा बढ्दो छ ।" बेनी-जोमसोम सडकको छेउमा तातोपानी सङ्कलन गरिएका दुईवटा पोखरी र धारा छन् । पर्यटकले आफूलाई उपयुक्त हुने ठाउँमा स्नान गर्न सक्छन् । कुण्डमा बिहान ६:०० देखि राति १०:०० बजेसम्म स्नान गर्न पाइन्छ । गाउँपालिकाले स्नान गर्न आउने नेपालीका लागि रु ५० र विदेशीका लागि रु १५० प्रवेश शुल्क तोकिएको छ ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्ष २०८३/८४ मा भुरुङ्-तातोपानी कुण्ड सञ्चालनका लागि दुई महिनाको ठेक्का आह्वान गरेको छ । प्रवेश शुल्क सङ्कलन र होटल सञ्चालन गर्ने गरी न्यूनतम रु नौ लाख ५० हजार मूल्य राखेर ठेक्का आह्वान गरिएको हो । प्रस्ताव पेस गर्ने म्याद सोमबारसम्म तोकिएको थियो । कुण्डमा पूर्वाधार निर्माण गर्नुपर्ने भएकाले दुई महिनाका लागि मात्र ठेक्का आह्वान गरिएको अन्नपूर्ण गाउँपालिका-२ का वडाध्यक्ष ओमप्रसाद फगामीले बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०८२/८३ मा करबाहेक रु ५० लाख एक हजारमा कुण्ड सञ्चालनको ठेक्का लागेको थियो । आर्थिक वर्ष २०८१/८२ मा रु ५६ लाख २५ हजार ३७७ र २०८०/८१ मा रु ५५ लाख ९०० मा ठेक्का लागेको थियो । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनका अनुसार तातोपानी कुण्डबाट प्राप्त आम्दानी शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासमा परिचालन हुँदै आएको छ । तातोपानीस्थित सर्वोदय माध्यमिक विद्यालय र हिमालय आधारभूत विद्यालयका निजी स्रोतका शिक्षकको तलब व्यवस्थापनमा सहयोग गरिएको छ । स्वास्थ्य चौकीमा प्रयोगशाला सञ्चालन, कुण्डको पूर्वाधार निर्माण तथा संरक्षणमा पनि रकम खर्च गरिँदै आएको अध्यक्ष पुनले बताउनुभयो ।

कालीगण्डकी नदीको कटान नियन्त्रणका लागि पनि संरक्षणका काम हुँदै आएका छन् । भुरुङ्-तातोपानी कुण्ड नजिकै कालीगण्डकी नदीपारि अन्नपूर्ण गाउँपालिका-५ मा पाउद्वार तातोपानी कुण्ड रहेको छ । उक्त कुण्ड सञ्चालनका लागि यस वर्ष रु ५० लाख १० हजारमा ठेक्का सम्झौता भएको छ । कालीगण्डकी नदीमा आएको बाढीले भुरुङ र पाउद्वारका तातोपानी कुण्डमा असर गरेको छैन । तर, गाउँपालिका-६ मा पर्ने रातोपानीस्थित तातोपानी कुण्ड भने बाढीले बगरमा परिणत गरेको छ । गाउँपालिका-१ मा रहेको सेकार्कु तातोपानी कुण्ड सञ्चालनका लागि भने यस वर्ष कुनै प्रस्ताव परेको छैन ।

भुरुङ्-तातोपानी बजारमा पर्यटकको आवास सुविधाका लागि करिब २० वटा सुविधासम्पन्न होटल सञ्चालनमा छन् । यहाँ एकै दिनमा ५०० भन्दा बढी पर्यटकलाई बास बसाउन सकिने क्षमता रहेको व्यवसायीले बताएका छन् । व्यवसायी राजु हमालका अनुसार केही दिनयता होटल भरिभराउ हुन थालेका छन् । यस वर्ष भुरुङ्-तातोपानीमा बास बस्ने पर्यटकमध्ये आधाभन्दा बढी अन्नपूर्ण आधार शिविर जाने र त्यहाँबाट फर्किनेहरू रहेको उहाँले बताउनुभयो । देशका विभिन्न ठाउँबाट आउने आन्तरिक पर्यटक भुरुङ्-तातोपानीमा बास बस्छन् । त्यसपछि जिप चढेर अन्नपूर्ण आधार शिविर जाने पदमार्गको झुमखोलासम्म पुग्छन् र त्यहाँबाट पदयात्रा सुरु गर्छन् । भुरुङ्-तातोपानी कुण्ड मुस्ताङ यात्रा गर्ने, पदयात्रामा जाने र फर्किने पर्यटकका लागि विश्रामस्थलका साथै स्थानीय पर्यटन व्यवसायको आधार बनेको छ ।

# जडीबुटी उद्यान अवलोकन गर्न तनहुँको झाङ्गाझोली

**पोखरापत्र संवाददाता**
दमौली, ९ कार्तिक



शान्त वातावरण, परिवारको साथ अनि रमाइलो वातावरण, यी सबै एकै ठाउँमा खोज्दै हुनुहुन्छ ? त्यसो हो भने तनहुँको शुक्लागण्डकी नगरपालिका-६ स्थित झाङ्गाझोली तपाईंको घुमफिरको सूचीमा पर्न सक्छ।

प्राकृतिक सौन्दर्य, बाल उद्यान, जडीबुटीको अवलोकन, स्वादिला परिकार र आरामदायी बसाइको सुविधाले झाङ्गाझोली पारिवारिक घुमफिरको आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको छ । बालबालिकालाई खेलाउने, प्रकृतिसँग रमाउने र परिवारका सदस्यसँग अविस्मरणीय समय बिताउने चाहना राख्नेहरूका लागि झाङ्गाझोली उपयुक्त विकल्प बन्न सक्छ। पृथ्वीराजमार्गको खैरेनीटार बजारबाट तीनखोलेदेवी मन्दिर जाने बाटोतर्फ साढे किलोमिटर अगाडि पुगेपछि यहाँ पुग्न सकिन्छ। कालोपत्रेसडकरपार्किङसुविधाका कारण निजी सवारीसाधनमा परिवारसहित यात्रा गर्न सहज छ।

घुमफिरसँगै ज्ञान र मनोरञ्जन

झाङ्गाझोलीको मुख्य आकर्षणमध्ये 'गौरादेवी प्राकृतिक जडीबुटी उद्यान' एक हो। करिब पाँच रोपनी क्षेत्रफलमा फैलिएको उद्यानमा दुई सयभन्दा बढी प्रजातिका जडीबुटीका बिरुवा रोपिएका छन् । रुद्राक्ष, तेजपात, श्रीखण्ड, अश्वगन्धा, तुलसी, नीम, टिमुर, कुरिलोलगायत वनस्पतिको अवलोकन गर्न सकिन्छ।

बिरुवाको नाम र विवरणसहितका नेमप्लेट राखिएकाले बालबालिकाले घुम्दै नयाँ कुरा सिक्न सक्छन् । जनावरका आकर्षक मूर्ति, ५० भन्दा बढी प्रजातिका फलफूलका बिरुवा, बाल उद्यान र हरियालीले यहाँको आकर्षण थपेका छन् । खोलाको आसपासको शान्त वातावरणमा परिवारसँग बसेर समय बिताउन र तस्बिर खिच्न पनि सकिन्छ।

स्थानीय परिकारदेखि पारिवारिक जमघटसम्म

घुमफिरसँगै स्वादिलो खानाको आनन्द लिन चाहनेहरूका लागि यहाँ लोकल कुखुरा र कालिजका परिकार उपलब्ध छन् । परिवार तथा आफन्तसँग बसेर खानपिन गर्ने, कुराकानी गर्ने र खुसी साट्ने वातावरणले यहाँको बसाइलाई थप रमाइलो बनाउन सक्ने सञ्चालक उज्वल पौडेलले बताउनुभयो। जन्मदिन, वैवाहिक वर्षगाँठ तथा अन्य पारिवारिक कार्यक्रमका लागि क्याम्प फायर र कार्यक्रम हलको सुविधा पनि उपलब्ध छ । एकै दिन घुमेर फर्किन वा रात बिताउन चाहनेका लागि वातानुकुलित कोठासमेत छन्। कोठाको शुल्क प्रतिरात दुई हजारदेखि तीन हजार पाँच सय रुपैयाँसम्म रहेको छ।

'परिवारसँग रमाउन झाङ्गाझोली उपयुक्त गन्तव्य'

झाङ्गाझोली एग्रो टुरिजम प्रालिका सञ्चालक पौडेलका अनुसार परिवारसहित घुम्न आउनेहरूका लागि झाङ्गाझोलीमा मनोरञ्जन, प्राकृतिक वातावरण र खानपिनको सुविधा एकै ठाउँमा उपलब्ध छ।

उहाँ भन्नुहुन्छ, "परिवारका सबै सदस्यसँग समय बिताउने, बालबालिकालाई रमाइलो गराउने र प्रकृतिको आनन्द लिने चाहना सबैको हुन्छ । झाङ्गाझोलीमा बालबालिकादेखि ज्येष्ठ नागरि कसम्मले आ-आफ्नै तरिकाले रमाउन सक्ने वातावरण छ। टाढा जान नभ्याउनेहरूका लागि पनि परिवारसँग एक दिन बिताउन वा रात बसेर रमाइलो गर्न यो राम्रो गन्तव्य बन्न सक्छ।"

उद्यानका सञ्चालक बासुराज दाहालका अनुसार बिदाका दिन यहाँ पाँच सयभन्दा बढी र अन्य दिनमा करिब दुई सय आन्तरिक पर्यटक आउने गरेका छन्। करि ब रु एक करोड ५० लाखको लागतमा निर्माण गरिएको जडीबुटी उद्यान तथा अन्य भौतिक संरचनाले क्षेत्रको आकर्षण बढाएको छ।

सिन्धुलीका सुनकोशी गाउँपालिका-३, झाँगाझोली निवासी ८९ वर्षीया गौरादेवी दाहालको नाममा स्थापना गरिएको उद्यानलाई जडीबुटी तथा वनस्पति संरक्षणसँगै शैक्षिक अध्ययन र अनुसन्धानको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ।

# तिहारमा दश लाखको सयपत्री फूल बेच्ने लक्ष्य

**पोखरापत्र संवाददाता**
दमौली, ९ कार्तिक



स्थानीय आँबुखैरेनी गाउँपालिका-१ आँधीमूल यान्चोकका महिलाले आगामी तिहारमा रु दश लाख मूल्यको सयपत्री फूल बिक्री गर्ने तयारी गरेका छन्।

सामूहिक रूपमा व्यावसायिक फूलखेती गर्दै आएका महिलाले गत वर्ष पनि रु नौ लाख बराबरको फूल बिक्री गरेका थिए।

तिहार नजिकिएसँगै आँधीमूलका खेतबारी अहिले ढकमक्क फुलेका सयपत्री फूलले पहेँलपुर बनेको देख्न पाइन्छ । अहिले त्यस क्षेत्रका महिला फूल टिप्ने, बिक्रीका लागि तयारी गर्ने र भण्डारण गर्ने काममा व्यस्त छन्। टिपिएका फूललाई बिक्रीको समयसम्म ताजा राख्न चिस्यान केन्द्रमा भण्डारण गरिएको समूहका अध्यक्ष सुन्तली गुरुङले बताउनुभयो।

तीन वर्षअघि स्थानीय महिलाले सुरु गरेको व्यावसायिक सयपत्री फूलखेती अहिले ४५ रोपनी क्षेत्रफलमा विस्तार भएको छ । यसमा ४५ जना महिला आबद्ध छन् । सामूहिक रूपमा गरिएको फूलखेती उनीहरूका लागि आम्दानीको स्रोत मात्रै बनेको छैन, आर्थिक आत्मनिर्भरतातर्फ अघि बढ्ने अवसरसमेत बनेको उहाँले बताउनुभयो।

फूलखेतीको उत्पादन र क्षेत्रफल बढ्दै गएपछि बजारमा पनि माग आउन थालेको छ । पहिलो चरणमा टिपिएको फूलमध्ये ५० किलोको माग आएको थियो। दमौलीमा कोसेली घर सञ्चालन गर्दै आएकी उद्यमी कल्पना गौलीले उक्त फूल खरिद गरिसक्नुभएको छ।

गुरुङका अनुसार फूलखेतीलाई निरन्तरता दिँदै उत्पादन बढाउन र बजार विस्तार गर्न सके महिलाको आम्दानीमा थप वृद्धि गर्न सकिन्छ। स्थानीयस्तरमै सयपत्री फूल उत्पादन हुन थालेपछि बाहिरबाट फूल ल्याउनुपर्ने निर्भरता घटाउन पनि सहयोग पुगेको उहाँले बताउनुभयो । उहाँका अनुसार प्रतिकिलो रु चार सयसम्म फूल बिक्री हुने गरेको छ। तिहारमा सयपत्री फूलको माग उच्च हुने भएकाले महिलाले उत्पादन र बिक्रीलाई सोहीअनुसार व्यवस्थापन गरिरहेका छन्। फूल टिपेर चिस्यान केन्द्रमा राख्ने व्यवस्थाले बिक्रीका लागि तयार पारिएको फूल ताजा राख्न सहयोग पुगेको उहाँले उल्लेख गर्नुभयो।

आँबुखैरेनी गाउँपालिकाको कृषि शाखा प्रमुख सन्तोष केसीका अनुसार व्यावसायिक फूलखेतीका लागि बजारको समस्या छैन । स्थानीयस्तरमै महिलाले उत्पादन गरेको फूलको माग आउन थालेपछि उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न सहयोग पुगेको उहाँले बताउनुभयो।

सामूहिक प्रयास, बजारको माग र चाडपर्वमा हुने फूलको खपतलाई आधार बनाएर आँधीमूलका महिला यस वर्षको बिक्री लक्ष्य पूरा गर्ने तयारीमा छन् । तिहारमा घर, मठमन्दिर र सार्वजनिकस्थल सजाउन प्रयोग हुने सयपत्री फूलको व्यावसायिक खेतीले स्थानीय उत्पादनलाई बजारसँग जोड्नुका साथै महिलाको आम्दानी बढाउने सम्भावना देखाएको छ।

# कुहिरोको घुम्टोमा मानुङकोट

**कृष्ण न्यौपाने**
दमौली, ९ कार्तिक/रासस



बिहानको झिसमिसे उज्यालोसँगै मानुङकोटको डाँडाबाट तल हेर्दा दमौली बजार कुहिरोको बाक्लो घुम्टोभित्र हराएको देखिन्छ । सेताम्मे कुहिरोमाथि उदाउँदै गरेको घामको सुनौलो किरण, वरपरका पहाडी शृङ्खला र चिसो हावाको स्पर्शले यहाँ पुग्ने जो कोहीलाई मन्त्रमुग्ध बनाउँछ । यही दृश्य हेर्न अहिले तनहुँको पर्यटकीय गन्तव्य मानुङकोटमा आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको छ।

पोखराबाट मानुङकोट पुग्नुभएकी गीता पराजुलीले यहाँको बिहानलाई अविस्मरणीय अनुभवका रूपमा लिनुभयो। एक रात मानुङकोटमै बिताएर बिहान सूर्योदय र कुहिरोको दृश्य नियाल्दा आफू निकै लोभिएको उहाँले बताउनुभयो । यहाँबाट देखिने प्राकृतिक दृश्यले मनै लोभ्याउने उहाँको अनुभव छ।

पोखराकै राधिका पराजुली पनि कुहिरोले ढपक्क ढाकेको दृश्य देखेर मन्त्रमुग्ध हुनुभयो । बिहानको समयमा चारैतिर फैलिएको कुहिरो र त्यसबीचबाट देखिने प्राकृतिक दृश्य निकै सुन्दर लागेको उहाँले बताउनुभयो । यी पर्यटकको अनुभवले मानुङकोट केवल एकछिन पुगेर फर्किने गन्तव्य मात्र नभई रात बिताएर बिहानको प्राकृतिक सौन्दर्य नियाल्न चाहनेका लागि समेत आकर्षक स्थल बन्दै गएको सङ्केत गर्छ। तनहुँको व्यास नगरपालिका-५ मा अवस्थित मानुङकोटमा चिसो मौसमको सुरुआतसँगै पर्यटकको आवागमन बढेको छ । बिदा मनाउन परिवार, साथीभाइ तथा समूह बनाएर आउने आन्तरिक पर्यटकका कारण यहाँको पर्यटकीय गतिविधि बढ्न थालेको हो। मानुङकोटको मुख्य आकर्षण बिहान देखिने कुहिरो र सूर्योदय हो। मौसम अनुकूल हुँदा डाँडाबाट तल फैलिएको कुहिरो, त्यसमाथि उदाउने सूर्य र टाढासम्म देखिने पहाडी भूभागले मनमोहक दृश्य सिर्जना गर्छन्। चिसो मौसम सुरु भएसँगै यहाँको वातावरण थप रमणीय बन्ने भएकाले पर्यटकको आकर्षण बढ्ने गरेको छ । मानुङकोटबाट धौलागिरि, माछापुच्छे, अन्नपूर्ण, मनास्लु र लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ। मौसम खुलेका बेला देखिने हिमशृङ्खला र बिहानको बदलिँदो प्राकृतिक दृश्य यहाँ पुग्ने पर्यटकका लागि विशेष आकर्षण बन्ने गरेका छन् । प्राकृतिक दृश्यसँगै शान्त वातावरणमा समय बिताउन चाहनेका लागि पनि मानुङकोट उपयुक्त गन्तव्यका रूपमा चिनिँदै गएको छ। दमौली बजारबाट नजिकै रहेकाले छोटो समयको घुमघामदेखि रात बिताएर सूर्योदय हेर्ने यात्रासम्मका लागि यहाँ पुग्ने पर्यटकको रोजाइ बढेको छ। स्थानीय युवा अनिल अधिकारीका अनुसार पछिल्ला केही दिनयता दैनिक दुईदेखि तीन सयसम्म पर्यटक मानुङकोट पुग्ने गरेका छन् । पर्यटकको यो आवागमनले मानुङकोटमा चहलपहल बढाएको छ। बिहान सूर्योदय हेर्न पुग्ने, प्राकृतिक दृश्य नियाल्ने र तस्बिर खिच्ने पर्यटकका कारण यहाँको वातावरण थप चलायमान बनेको उहाँले बताउनुभयो।

पर्यटकको आवागमन बढेसँगै मानुङकोट आसपासका होटल तथा अन्य व्यवसायमा पनि चहलपहल बढ्न थालेको छ। स्थानीय व्यवसायी शैलेश सुनामका अनुसार पर्यटकको उपस्थितिले स्थानीय व्यवसायलाई लाभ पुगेको छ । पर्यटकको सङ्ख्या बढ्दा होटल तथा खानपानसम्बन्धी सेवाको माग बढ्ने मात्र नभई स्थानीयस्तरमा रोजगारी र आयआर्जनका अवसरसमेत विस्तार हुन सक्छन्। पर्यटकलाई आवश्यक सेवा उपलब्ध गराउने व्यवसायी, सवारीसाधन सञ्चालक तथा स्थानीय उत्पादनसँग जोडिएका व्यक्तिले समेत पर्यटन गतिविधिबाट लाभ लिन सक्ने सम्भावना रहेको उहाँको भनाइ छ।

कुहिरोसँग जोडिएको धार्मिक किंवदन्ती

मानुङकोटबाट देखिने कुहिरोको दृश्यलाई स्थानीय धार्मिक तथा सांस्कृतिक विश्वाससँग पनि जोड्ने गरिएको छ। दमौली बजारलाई कुहिरोले ढाक्ने घटनासँग महर्षि वेदव्यासका पिता पराशर ऋषि र सत्यवतीसम्बन्धी पौराणिक किंवदन्ती जोडिएको छ।

किंवदन्तीअनुसार पराशर ऋषिले सत्यवतीसँग एकान्तमा बस्न चाहँदा लोकले थाहा नपाओस् भनेर कुहिरो उत्पन्न गराएका थिए । यही धार्मिक विश्वासका कारण दमौली र आसपासमा देखिने कुहिरोले सांस्कृतिक तथा पौराणिक महत्व समेत पाएको छ । प्राकृतिक दृश्यसँगै यस्ता किंवदन्तीले पनि मानुङकोटको पहिचानलाई थप रोचक बनाएका छन्। यहाँ पुग्ने पर्यटकले कुहिरो र सूर्योदयको दृश्यसँगै स्थानीय समाजमा प्रचलित धार्मिक विश्वास तथा सांस्कृतिक कथाबारे बुझ्ने अवसर पाउँछन्।

सात सय रोपनीमा पर्यटकीय ग्राम बनाउने तयारी

मानुङकोटमा पर्यटकको आकर्षण बढ्दै गएपछि व्यास नगरपालिकाले यस क्षेत्रलाई योजनाबद्ध रूपमा विकास गर्ने तयारी गरेको छ। नगरपालिकाले करिब सात सय रोपनी क्षेत्रफलमा जग्गा एकीकरण आयोजना सञ्चालन गरेर मानुङकोटलाई व्यवस्थित पर्यटकीय ग्रामका रूपमा विकास गर्न लागेको हो। व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार मानुङकोटलाई व्यवस्थित र दिगो पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले जग्गा एकीकरण आयोजनाको तयारी अघि बढाइएको छ । प्रारम्भिक अध्ययनबाट आयोजना कार्यान्वयनका लागि क्षेत्र उपयुक्त देखिएकोउनलेबताए।आयोजनालाई नगरपालिकाको आफ्नै जग्गा एकीकरण आयोजना कार्यान्वयन इकाइमार्फत सञ्चालन गर्ने गरी संस्थागत तयारी भइरहेको उनको भनाइ छ । "दमौली बजार नजिकै रहेको यो क्षेत्र मौलिक पहिचान र दृश्यात्मक सौन्दर्यका कारण दीर्घकालीन पर्यटन विकासका लागि अत्यन्त सम्भावनायुक्त मानिन्छ," लम्सालले भन्नुभयो । उहाँका अनुसार आयोजना कार्यान्वयनमा आएपछि सडक, खानेपानी, विद्युत्, पदमार्ग, पार्कलगायतका आधारभूत पूर्वाधार योजनाबद्ध रूपमा विकास गर्ने अपेक्षा गरिएको छ। यसले मानुङकोटलाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आधार तयार गर्नेछ । जग्गा एकीकरणमार्फत बस्ती तथा पूर्वाधारलाई व्यवस्थित बनाउने योजनाले पर्यटन विकाससँगै स्थानीय बासिन्दाका लागि रोजगारी र व्यवस्थित बसोबासका अवसर विस्तार गर्ने अपेक्षा गरिएको छ। त्यस्तै, आवश्यक पूर्वाधार निर्माण गर्न सके आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न सहज हुने नगरपालिकाको विश्वास छ।

मौलिकता जोगाउँदै दिगो पर्यटनको चुनौती

मानुङकोटमा पर्यटकको चहलपहल बढ्नु स्थानीय अर्थतन्त्रका लागि अवसर हो तर पर्यटकीय गतिविधि बढ्दै जाँदा प्राकृतिक वातावरण, स्थानीय संस्कृति र गन्तव्यको मौलिकता जोगाउनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।सडक, खानेपानी, विद्युत्, पदमार्ग र सार्वजनिक सुविधाको विस्तारसँगै फोहोर व्यवस्थापन, स्वच्छता, सुरक्षित आवागमन र प्राकृतिक दृश्यको संरक्षणमा ध्यान दिन आवश्यक हुन्छ । पर्यटन पूर्वाधार निर्माण गर्दा स्थानीय बासिन्दाको आवश्यकता र सहभागितालाई प्राथमिकता दिन सके विकासका लाभ समुदायसम्म पुर्‍याउन सहज हुने बताइएको छ।

मानुङकोटको आकर्षण यसको प्राकृतिक स्वरूप, बिहानको कुहिरो, सूर्योदय र वरपरका हिमाली तथा पहाडी दृश्यमा निहित छ । त्यसैले पूर्वाधार विकाससँगै यी प्राकृतिक विशेषताको संरक्षण गर्न सके मात्र यहाँको पर्यटन दीर्घकालीन रूपमा टिकाउ बन्नसक्ने अहिले चिसो मौसमसँगै मानुङकोटमा बढेको पर्यटकको चहलपहलले यस क्षेत्रको पर्यटन सम्भावनालाई फेरि उजागर गरेको छ । दैनिक दुईदेखि तीन सयसम्म पर्यटक पुग्न थालेको स्थानीयको भनाइ र सात सय रोपनीमा पर्यटकीय ग्राम विकास गर्ने नगरपालिकाको तयारीले मानुङकोटको आगामी पर्यटन यात्रालाई थप व्यवस्थित बनाउने अपेक्षा जगाएको छ।

कुहिरोको घुम्टोभित्र लुकेको दमौली बजार, क्षितिजमा उदाउने सूर्य र टाढा देखिने हिमशृङ्खलाको मोहक दृश्य नै मानुङकोटको विशिष्ट पहिचान हो । यही पहिचान जोगाउँदै आवश्यक पूर्वाधार विस्तार गर्न सके मानुङकोट तनहुँको मात्र नभई गण्डकी प्रदेशकै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुने सम्भावना छ।

# करिब २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइने

**रासस**
काठमाडौं, ९ कार्तिक

यही कात्तिक १७ र १८ गते सबै क्षेत्रका गरी २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाउने तयारी भइरहेको छ।

सरकारले आर्थिक वर्ष २०८३/०८४ को नियमित रूपमा पहिलो चरणमा कात्तिक २ र ३ गते खुवाउँदै आएको भिटामिन 'ए' कार्यक्रम दसैं परेकोले कात्तिकको १७ र १८ गते खुवाउन तयारी थालिएको हो।

स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लिलाविक्रम थापाले भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुक ाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने जानकारी दिनुभयो।

भिटामिन 'ए' करिब २१ लाख बालबालिका र जुकाको औषधि करिब २० लाख बालबालिकालाई खुवाइने भएको छ। भिटामिन 'ए' सबै प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा पठाइसकेको छ।

सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिने बताउनुभयो।


## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला मर्स्याङ्दी गाउँपालिका वडा नं. ०८ निवासी भारतीय भु.पू. सैनिक नं. G.S.169308N का खिम बहादुरको श्रीमती भुन्टी माया तामाङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र नं. ३७०४ मा नामथर भुन्टी माया तामाङ र जन्ममिति ई.स. 1971-05-03 भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर भुन्टी माया र जन्ममिति ई.स. 1972-04-05 भई फरक परेतापनि उल्लेखित नामथर र जन्ममिति भएको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका, ०८ नं. वडा कार्यालयको च.नं. ६३०, मिति २०८३/०६/२६ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ मात्र अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**